# शिवनाथ गाउँपालिका

## शिवनाथबैतडी ,

सुदूरपश्चिम प्रदेशनेपाल ,

# शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन

## २०८२ असार २६

## खण्ड- (१)


### १. स्थानीय तहको संक्षिप्त परिचयः-

देशमा परिवर्तित राजनैतिक परिस्थिति पछि नेपालको संविधान (२०७२) ले देशलाई संघियतामा परिणत गर्यो जसमा तिन तहको सरकार संघ,प्रदेश र स्थानिय तह रहने व्यवस्था भैसकेपछि देशभरमा ७५३ स्थानीय तहहरूको स्थापना भयो जसमध्ये शिवनाथ गाउँपालिका पनि एक हो । नेपालको संघिय राजधानीबाट करिव ८५० कि.मि.को दुरीमा रहेको यो पालिका सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लाको पूर्व दक्षिण भागमा अवस्थित रहेको छ। साविकका उदयदेव, शर्माली, महाकाली र शिवनाथ गरी चार वटा गा.वि.स.हरुलाई मिलाएर बनेको यो पालिकाको नाम प्रशिद्ध धार्मिक शिवनाथ देवताको नामबाट गरिएको छ।पूर्वमा डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिका,पश्चिममा पन्चेश्वर गाउँपालिका,उत्तरमा मेलौली नगरपालिका र दक्षिणमा छिमेकी राष्ट्र भारतको चम्पावत जिल्लाको केही भु-भागको बिचमा शिवनाथ गउँपालिका रहेको छ ।

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरीसके पछि वि.स. २०७३ साल फागुन २७ गते यस पालिकाको स्थापना भएको हो । भौगोलिक अवस्थिती अनुसार कुल ८१.६५ वर्ग.कि.मि.क्षेत्रफलमा फैलिएको पालिकाको समुद्री सतहदेखि उचाई १९०८ मिटर रहेको छ । कुल ६ वटा वडाहरुमा विभाजित यस पालिकाको राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार जम्मा जनसंख्या १८,०६४ रहेको छ। जसमा पुरुष जनसंख्या ८४८९ जना र महिला जनसंख्या ९७५७ जना छन भने परिवारको औसत आकार ५.२६ जनघनत्व २२१ रहेको छ। जम्मा ३४३४ परिवार संख्या रहेकोमा साक्षरता दर (पुरुष ८७.८% र महिला ६६.१%) गरी जम्मा ७५.९ % रहेको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभाजन गरेको पालिकाहरुको वर्गिकरणको आधारमा यस पालिकालाई “क” वर्ग राखिएको छ ।

विभिन्न जात जाती तथा समुदायका मानिसहरुको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाड पर्व मनाउने गरिन्छ ।जस्तैः दशैं, तिहार, माघे संक्रान्ति, होली, गौरा, औल्के संक्रान्ति , कृष्ण जन्माष्टमि, बिशु पर्व लगायतका यहाँका प्रमुख चाड पर्वको रुपमा रहेका छन ।

## २. शिवनाथ गाउँपालिकाको सबै वडा छुटिने गरीको नक्सा:-




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

### शिवनाथ गाउँपालिका पदाधिकारीहरुको विवरण:-

| क्र.स. | नाम, थर | पद | स्थानीय तह | वडा नं. | सम्पर्क मो.नं. |
|---|---|---|---|---|---|
| १ | कर्ण सिह साउद | गा.पा. अध्यक्ष | शिवनाथ | २ | ९८५११९६२२६ |
| २ | सकुन्तला साउद | गा.पा. उपाध्यक्ष | शिवनाथ | ५ | ९८४९८२१०२२ |
| ३ | बलदेव सिंह चाड | वडा अध्यक्ष | शिवनाथ | १ | ९७४२४६५२५३ |
| ४ | सुरेन्द्र सिंह साउद | वडा अध्यक्ष | शिवनाथ | २ | ९८४८९०३३९८ |
| ५ | केशव दत्त कलौनी | वडा अध्यक्ष | शिवनाथ | 3 | ९८४१०९१७९६ |
| ६ | धन बहादूर महता | वडा अध्यक्ष | शिवनाथ | ४ | ९८६८७९८०५३ |
| ७ | केशव चन्द | वडा अध्यक्ष | शिवनाथ | ५ | ९८४८९०४१९१ |
| ८ | भरत राम पार्की | वडा अध्यक्ष | शिवनाथ | ६ | ९८६५९४१२४० |
| ९ | धनमति साउद | कार्यपालिका सदस्य | शिवनाथ | १ | ९८४७५६०९२६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बिमला पार्की | कार्यपालिका सदस्य | शिवनाथ | ३ | ९८६५९४४०१३ |
| ११ | संगिता औजी | कार्यपालिका सदस्य | शिवनाथ | ४ | ९८०९४५०३४२ |
| १२ | लछिमा कुमारी साउद | कार्यपालिका सदस्य | शिवनाथ | ५ | ९७४९८०४१५३ |
| १३ | प्रताप राम तिर्वा | कार्यपालिका सदस्य | शिवनाथ | २ | ९८६८७०११०४ |
| १४ | राजेन्द्र राम दयाल | कार्यपालिका सदस्य | शिवनाथ | ६ | ९८६४६०९४६६ |
| १५ | गंगा दमाई | दलित महिला सदस्य | शिवनाथ | १ | ९८४७५९७४८१ |
| १६ | मान सिह साउद | वडा सदस्य | शिवनाथ | १ | ९८४२२००१६१ |
| १७ | देविन्द्र सिह साउद | वडा सदस्य | शिवनाथ | १ | ९८६४३११९२० |
| १८ | केशव साउद | वडा सदस्य | शिवनाथ | २ | ९८६५८४७९१२ |
| १९ | गोदावरी तिर्वा | दलित महिला सदस्य | शिवनाथ | २ | ९८४९९२८७०८ |
| २० | कमलराम सार्की | वडा सदस्य | शिवनाथ | 2 | ९८४२२००१८५ |
| २१ | मञ्जु साउद | महिला सदस्य | शिवनाथ | २ | ९७६५५३५४६९ |
| २२ | सुरमा साउद | महिला वडा सदस्य | शिवनाथ | ३ | ९८६८५३९७५५ |
| २३ | किसन सिह साउद | वडा सदस्य | शिवनाथ | ३ | ९८६८८७७६०२ |
| २४ | लक्ष्मन सिह साउद | वडा सदस्य | शिवनाथ | ३ | ९८६८७८६५२४ |
| २५ | सुनिता ठकुराठी | महिला सदस्य | शिवनाथ | ४ | ९८६६१०९९४० |
| २६ | श्याम सिह महता | वडा सदस्य | शिवनाथ | ४ | ९८६५६५४१०१ |
| २७ | नन्दी सिह विष्ट | वडा सदस्य | शिवनाथ | ४ | ९७६२८४०१७४ |
| २८ | भागा वि.क. | दलित महिला वडा सदस्य | शिवनाथ | ५ | ९८४७५९७५७१ |
| २९ | पदम सिह धनाडी | वडा सदस्य | शिवनाथ | ५ | ९८६८४९१७७४ |
| ३० | धन बहादूर चन्द | वडा सदस्य | शिवनाथ | ५ | ९८४०१०५३१४ |
| ३१ | हरु देवी धनाडी | महिला वडा सदस्य | शिवनाथ | ६ | ९८६८८१०६५० |
| ३२ | चन्द्र राना | दलित महिला सदस्य | शिवनाथ | ६ | ९८६३०९१५७३ |
| ३३ | धिराज बहादूर चन्द | वडा सदस्य | शिवनाथ | ६ | ९८६९७१२३३३ |
| ३४ | कालु चन्द | वडा सदस्य | शिवनाथ | ६ | ९८६५८१६५३२ |

## शिवनाथ गाउँपालिकाका बिषय शाखा प्रमुखको विवरणः-

| क्र.स | नाम/थर | पद | कार्यालय/शाखा | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | नरेन्द्र सिंह महता | प्रमुख प्रशासकीय अधिकृत | प्रशासन शाखा | ९८५८७८२९६४ |
| २ | दिनेश साउद | अधिकृत अधिकृत | शिक्षाा शाखा | ९८४१०९१५८८ |
| ३ | महेश सिंह महता | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | ९८४८७६९६७९ |
| ४ | लक्ष्मी दत्त जोशी | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | ९८६८४८६३९६ |
| ५ | हर्षराज भट्ट | जलस्रोत अधिकृत | वास ईकाइ | ९८६४९२५०६४ |
| ६ | ज्योति नायक | कृषि अधिकृत | कृषि शाखा | ९८६८७४७१४५ |
| ७ | देवराज सापकोटा | सहायक पाचौं | आ.प्र.शाखा | ९८४८९९५९१९ |
| ८ | कोमल विक्रम सिंह | सहायक पाचौं | जि.सि. | ९८६५९१७७३० |
| ९ | देवराज न्यौपाने | सहायक पाचौं | स्वास्थ्य शाखा | ९८४१४११००९ |
| १० | बिष्णु प्रसाद भट्ट | सहायक पाचौं | आ.ले.पा. | ९८६८८०७६१२ |
| ११ | अर्जुन सिह साउद | सहायक चौथो | भौतिक विकास शाखा | ९८६४७७४३०४ |
| १२ | चिरन सिह साउद | सहायक चौथो | पञ्जिकरण शाखा | ९८४८७९१७२४ |
| १३ | लोगराम भुल | सहायक चौथो | लघु उद्यम विकास | ९८६५७५६८०९ |
| १४ | प्रकाश सिंह साउद | सहायक चौथो | पशु शा.प्र. | ९८४८७३५३९९ |
| १५ | दिपा धामी | पोषण सहजकर्ता | शिवनाथ | ९८६५८५६३४२ |

# खण्ड — (२)

# आ.व. २०८१/०८२ को शाखागत प्रगतिको संक्षिप्त विवरण

**आर्थिक प्रशासन तर्फः-**

| क्र.स | विवरण | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत | औशत खर्च |
|---|---|---|---|---|---|
| १ | चालू | २८४६८८०००/- | २४१४३३०२०.४३/- | ८४.८१ | |
| २ | पुँजिगत | ८३१७९२५६/- | ६८९६४८६६/- | ८२.९१ | |
| | **कुल जम्मा** | **३६७८६७२५६/-** | **३१०३९७८८६.४३/-** | **८४.३७** | |

**प्राप्त रकमको आधारमा खर्च विवरणः-**

जम्मा प्राप्त रकम रु ३४, ०४, ७८, ७२३.५० पैसा

खर्च रु ३१, ०३, ९७, ८८६.४३ पैसा

खर्च प्रतिशत ९१.१६

**राजश्व शाखा तर्फः-**

कार्यालय अनुसार राजस्व संकलन

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२५ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
| १ | ८०७७४५०४३०० | शिवनाथ गाउँपालिका, बैतडी | ४४,३४,८५५.१८ | |
| २ | ८०७७४५०४३०१ | शिवनाथ गाउँपालिका,१ नं. वडा कार्यालय, बैतडी | ३,०९,७२५.४६ | |
| ३ | ८०७७४५०४३०२ | शिवनाथ गाउँपालिका,२ नं. वडा कार्यालय, बैतडी | ३,६९,१८४.७६ | |
| ४ | ८०७७४५०४३०३ | शिवनाथ गाउँपालिका,३ नं. वडा कार्यालय, बैतडी | १,२६,३२२.७४ | |
| ५ | ८०७७४५०४३०४ | शिवनाथ गाउँपालिका,४ नं. वडा कार्यालय, बैतडी | १,४८,१३१.३८ | |
| ६ | ८०७७४५०४३०५ | शिवनाथ गाउँपालिका,५ नं. वडा कार्यालय, बैतडी | १,१९,७००.०० | |
| ७ | ८०७७४५०४३०६ | शिवनाथ गाउँपालिका,६ नं. वडा कार्यालय, बैतडी | १,०४,१८५.१६ | |
| जम्मा | | | ५६,१२,१०४.६८ | |

## राजस्व शीर्षक अनुसार संकलन

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२५ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम रु | कैफियत |
| १ | ११३१३ | सम्पती कर | १,०९,१३२.२६ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | १,६४,४३१.२४ | |
| ३ | ११३१७ | वहाल कर | २,८०,५३६.३४ | |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ७,०००.०० | |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०,५८०.०० | |
| ६ | ११६९१ | अन्य कर | २१,०५०.०० | |
| ७ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १२,७४,८५०.०० | |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ३,०००.०० | |
| ९ | १४२२१ | न्यायिक दस्तूर | ९५०.०० | |
| १० | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १७,५००.०० | |
| ११ | १४२२४ | परीक्षा शुल्क | ३०,१००.०० | |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,४०,१९०.०० | |
| १३ | १४२४३ | सिफारिश दस्तुर | २,९६,६५०.०० | |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५,३४,९५०.०० | |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ४३,३००.०० | |
| १६ | १४२४९ | अन्य दस्तुर | २,४८,४८२.८४ | |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,५९,२२५.०० | |
| १८ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | १,०००.०० | |
| १९ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १,५००.०० | |
| २० | १४२६५ | अन्य क्षेत्रको आय | ४,६४,१००.०० | |
| २१ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,०३,१३८.०० | |
| २२ | १४५२९ | अन्य राजस्व | २,०१,१०९.०० | |
| २३ | १४६११ | व्यवसाय कर | ५,०००.०० | |
| २४ | १५१११ | बेरूजू | ८६,८३०.०० | |
| २५ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ४,०७,५००.०० | |
| जम्मा | | | ५६,१२,१०४.६८ | |

वार्षिक लक्ष्यः रु ६४८७६९०.८७

प्रगतीः ५६,१२,१०४.६८

प्रतिशातः ८६.५०

**<u>भौतिक पूर्वाधार विकास तर्फ</u>**

१. **भौतिक पुर्बाधार शाखाले कार्यान्वयन गर्न अख्तियारी प्राप्त गरे बमोजिम क्षेत्रगत कार्यक्रम अनुसार तल उल्लेख गरिएको छ ।**

क) खानेपानि र सिँचाई तर्फ कुल ७२ योजनाहरुका लागि रु. १,२१,२५,०००।- बिनियोजन भएकोमा ७० वटा सम्पन्न भएको ।

ख) स्वास्थ्य/शिक्षा तथा खेलकुद तर्फ कुल ४१ वटा योजनाहरुका लगि रु. १,२९,७०,०००।- बिनियोजन भएकोमा सबै सम्पन्न भएको । साथै हाल सम्म अधुरो रहेको नागार्जुन मा.वि. ८ कोठे भवन निर्माण कार्य समेत सम्झौता बमोजिमको काम सम्पन्न गरेको ।

ग) धार्मिक सँस्कृतिक तथा पर्यटन तर्फ कुल २५ वटा योजनाहरुका लागि रु. ४७,६०,०००.०० बिनियोजन भएकोमा सबै सम्पन्न भएको ।

घ) गाउँपालिका अन्तर्गतका ६ नं. वडा स्थित हिरापुर स्वास्थ्य चौकी निर्माण,५ नं. वडा कार्यालय भवन निर्माण सम्पन्न हुने चरणमा रहेको, गाउँपालिका स्तरिय खेलमैदान र खुल्पुर खेलमैदानको स्तरोन्नती तथा वार्ड नं.०१ को वडा स्तरिय चनकिला खेलमैदानको निर्माण प्रारम्भ गरीएको लगायतका कार्यको लागि रु १,९३,००,०००.०० बिनियोजन भएकोमा हेल्थपोष्ट र वडा कार्यालय बाहेक सबै सबै योजनाहरु सम्पन्न भएको ।

ङ) सडक तर्फ गाउँपालिकाको आन्तरिक स्रोतबाट कुल ७ वटा योजनाहरुका लागि रू. ५०,००,००० बिनियोजन भएकोमा ६ वटा योजना हरु सम्पन्न भएका छन ।

च) अन्य स्रोत शंघ प्रदेश सम्पुरक, संघ प्रदेश ससर्त विशेष अनुदान, प्रदेश सरकारको वित्तिय हस्तान्तरण सडक बोर्ड लगायतका कार्यक्रमका लागि कुल ६ वटा योजनाहरुका लागि रू.३,३७,५०,०००।- बजेट प्राप्त भएकोमा ठेक्का प्रकृया मार्फत सबै निर्माण योजनाहरुको निर्माण सम्पन्न भएको ।

छ) झो.पु. निर्माण तर्फ शंघिय सरकार द्वारा हस्तान्तरित कार्यक्रम अन्तर्गत ६ ओटा पुलहरु कार्यान्वयनमा रहेकोमा ६ वटै निर्माण सम्पन्न भई सञ्चालनमा आईसकेको ।

ज) गाउँपालिका कार्यालयमा आवश्यक सभाहल निर्माणका लागि रु २७,००,०००।— मा ठेक्का सम्झौता भई निर्माण सम्पन्न निर्माण समपन्न भईसकेको ।

झ) सार्वजनिक स्थानमा सार्वजनिक सौचालय निर्माण गर्ने कार्यक्रम बमोजिम विभिन्न मन्दिरहरु तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक सौचालय निर्माण गरिएको र खानेपानि र सरसफाई तर्फ २७ वटा खानेपानि योजनाहरु निर्माण तथा मर्मत गरी कुल ७७ घर धुरीमा खानेपानि पहुँच पुगेको अनुमान रहेको ।

ञ) मुख्य गरी गाउँपालिकाका सम्पुर्ण वस्ति हरुमा सडक सञ्जाल जोड्ने उद्देश्यले कुलाकोट सडक, चडेखान विनपते सडक, रत्याल सोईरा सडक, बगार सडक,  खाल खैरेनीघाट सडक लगायतका सडक, जोलापानी बुग्रागडा सडक,पोखरेटी सडक हरुका लागि ट्र्याक खोल्ने कार्य शुरु भई थप नयाँ ८.५८ कि.मि.सडक निर्माण गरेको तथा गाउँपालिकाको मुख्य रणनैतिक सडक सुल्लेखान शर्मीलि नागार्जुन घाट सडक निर्माण  कार्यका लागि विगत ५ वर्ष देखि प्राप्त संघ सम्पुरक कार्यक्रम मार्फत ठेक्का प्रकृया मार्फत स्तरोन्नती गरिएको ।

च) रोजगार सेवा केन्द्र तर्फ विभिन्न १२ वटा योजनाहरुका लागि रु ४१,१५,५४८.०० विनियोजन भएकोमा सबै योजनाहरु सम्पन्न भएका छन ।

## <u>शिक्षा तथा युवाखेलकुद तर्फः-</u>

**शशर्त चालुः कुल बजेटः ११,६८,८०,०००/- खर्चः १०,३३,०६०००/- प्रतिशतः ८८.३८%**

**गाउँपालिकाः कुल बजेटः २९,५५,४,०००/- खर्चः २७,८६,२,३३३/- प्रतिशतः ९४.३%**

१. आधारभूत तह अन्तर्गत शैक्षिक सत्र २०८१ सालको कक्षा ८ को परीक्षा सञ्चालन, व्यवस्थापन र पुनर्योग तथा ग्रेडबृद्धि परीक्षा सञ्चालन गरी तथा नतिजा प्रमाणीकरण गरिएको छ।

२. विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत इ-लाइब्रेरी अनुदान श्री भगवती आधारभूत विद्यालय,तेर्छबाटा कार्यसम्पन्न गरिसकेको र उत्कृष्ट विद्यालय अनुदान बापतको रकम २ वटा विद्यालयहरु सित सम्झौता गरिएको रकम भुक्तानी गरिएको छ।

३. आधारभूत र माध्यमिक तहमा शुन्य दरबन्दी भएका वा एकमात्र दरबन्दी भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी बिषयमा दरबन्दी वितरण गरिएको छ।

४. गाउँपालिका स्थित कक्षा १ देखि ३ मा पठनपाठन गर्ने शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी ३ दिने कस्टमाइज्ड तालिम सम्पन्न भएको छ।

५. शिवनाथ गाउँपालिका भरी लेटर ग्रेडिङ पद्धति तथा विद्यार्थी कार्यसञ्चिका (Portfolio) राख्ने कार्य सम्पन्न भएको छ ।

६. स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०८१ सालको कार्यसम्पादन मूल्यांकन संकलन,दर्ता र अकंन तथा सिफारिस/प्रमाणीकरण गरी शिक्षा विकास तथा समन्वय इकाइ,बैतडीमा पेश गरिएको छ।

७. शिक्षकहरुको बिरामी बिदा अभिलेख प्रमाणीकरण तथा सम्प्रेषण भएको छ।

८. विद्यालय संख्याः माध्यमिक तह ९ वटा,निम्न माध्यमिक तह ४ वटा,प्रा.वि.तह(कक्षा १-५) १६ वटा र प्रा.वि.तह (कक्षा १-३) ५ वटा  गरी जम्मा ३४ वटा विद्यालयहरु रहेका,शिशु विकास

केन्द्र ५ वटा र सामुदायिक अध्ययन केन्द्र १ वटा गरी जम्मा ४० वटा शैक्षिक संस्थामा सेवा प्रवाह भएको छ।

९. गाउँपालपिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता,२०८१ श्री नागार्जुन आ.वि.,शर्मालीमा सम्पन्न भएको छ।

१०. कार्य अवधि समाप्त भएका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिहरुको नयाँ विद्यालय व्यवस्थापन समितिहरु गठनमा शाखाबाट प्रत्यक्ष सहजीकरण भएको छ।

११. पालिका स्थित सञ्चालित ३४ वटै विद्यालयका वालविकास शिक्षकहरुलाई क्षमता विकास सम्बन्धी २ दिने तालिम कार्यक्रम सञ्चालन गरिएको छ।

१२. सबै वालवालिकाहरुलाई समयमै पाठ्यपुस्तक,छात्रबृत्ती लगायत अन्य कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शशर्त रकम अनुदान निकासा भईसकेको छ।

१३. बार्षिक एकमुष्ठ अनुदानबाट सञ्चालित हुने विद्यालयहरु ६ वटै सित सम्झौता गरी रकम निकासा गरिएको छ।

१४. सबै विद्यालयहरुलाई एमिस अपडेट गरिएको छ।

१५. विद्यालयहरुलाई शिक्षा शाखाको तर्फबाट बार्षिक शैक्षिक क्यालेण्डर वितरण गरिएको छ।

१६. शिक्षक डायरी छपाइ विद्यालयहरुलाई बितरण गरिएको छ।

१७. आधारभूत र माध्यमिक तहका प्रत्येक विद्यालयका गणित र अङ्ग्रेजी विषयका शिक्षकहरुलाई २ दिने क्षमता विकास तालिम कार्यक्रम सम्पन्न गरिएको छ।

१८. आधारभूत र माध्यमिक तहका आईटी फोकल शिक्षकहरुलाई ५ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको छ।

१९. बिपन्न लक्षित छात्रबृत्ती पाउन योग्य विद्यार्थीहरुको बैंक खातामा रकम निकासा गरिएको छ।

२०. एसईई परीक्षा र कक्षा १२ को परीक्षा अनुगमन गरिएको छ।

२१. विभिन्न विद्यालयहरुले सम्झौता गरेका योजनाहरुको अन्तिम अनुगमन गरी शैक्षिक सेवा प्रवाह गरिएको छ।

## स्वास्थ्य क्षेत्र तर्फ

**सशर्त कुल बजेट रु २८, ६९, ६, ०००/-**

**खर्च रु २१, ५५, ६, ०००/- खर्च प्रतिशत ७१.४०**

**पालिकाको कुल बजेट रु ४४,००,०००/- खर्च रु ३८, ७४, ०००/- खर्च प्रतिशत ८८**

**स्वास्थ्य कार्यक्रमको लक्षित जनसंख्या**

| लक्षित समुह | जनसंख्या |
|---|---|
| जम्मा जनसंख्या | १८१६४ |
| १ बर्ष मुनिका बालबालिका (०-११ महिना) | ३०९ |
| २ बर्ष मुनिका बालबालिका (०-२३ महिना) | ६१० |
| १२-२३ महिनाका बालबालिका | ३०० |
| ६-५९ महिनाका बालबालिका | १२९१ |
| १२-५९ महिनाका बालबालिका | ११३७ |
| ५ बर्ष मुनिका बालबालिका | १४६३ |
| १५-४९ बर्ष सम्मका महिला | ५४८० |
| १५-४९ बर्ष सम्मका बिबाहित महिला | ४१८७ |
| अनुमानित गर्भवति महिला | ३९३ |
| अनुमानित जीवित जन्म | ३३१ |

**स्थानिय तहमा बिद्यमान स्वास्थ्य संस्थाको विवरणः-**

| सि.न. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक ईकाइ तेर्छाबाटा | तेर्छाबाटा | सरकारी |
| १ | नागार्जुन आधारभुत स्वास्थ्य सेवा केन्द्र | मटेला | सरकारी |
| २ | शर्मालि स्वास्थ्य चौकी | शर्माली | सरकारी |
| ३ | श्रीपुर आधारभुत स्वास्थ्य सेवा केन्द्र | बछ्ला | सरकारी |
| ४ | उदयदेव स्वा.चौ. | पिपलकोट | सरकारी |
| ६ | शिवनाथ स्वा.चौ. | हिरापुर | सरकारी |
| ५ | उदयदेव आ स्वा सेवा केन्द्र | चड्याखान | सरकारी |

## स्वास्थ्य/सस्थाहरुको संख्याः-

| **स्वास्थ्य चौकी** | **३** | **कैफियत** |
|---|---|---|
| आधिरभुत स्वास्थ्य सेवा केन्द्र | ३ | |
| सामुदायिक स्वास्थ्य ईकाइ | १ | |
| गाउँघर क्लिनिक | २५ | |
| खोप क्लिनिक | २२ | |
| प्रसुति केन्द्र(बर्थिङ सेन्टर) | १८ | |
| सुरक्षित गर्भपतन सेवा प्रदायक संस्था | ५ | |
| म.स्वा.स्वयं सेविका | ४६ | |

## शिवनाथ गाउँपालिकाको मानब संसाधनको अवस्थाः-

| पद | स्वीकृत दरवन्दी संख्या | पदपूर्ति | कार्यरत | | | कै. |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार(सरकारी) | करार (स्थानिय श्रोत) | |
| हे.अ | ३ | ३ | | ३ | ० | |
| हे.अ./सि.अ.हे.ब. | ३ | १२ | ४ | ५ | ३ | |
| अ.न.मी. | ६ | २१ | ६ | | १४ | |
| ल्या.अ./ल्या.टे. | | १ | | | १ | |
| का.स. | १ | ५ | १ | | ५ | |
| अन्य | | | | | १७ | स्वीपर |
| जम्मा | १३ | ४२ | ११ | ७ | ४० | |

**पालिका अन्तर्गत स्वास्थ्य सस्थाको भौतिक संरचना तथा अन्य पुर्बधार समवन्धि विवरणः-**

| | | |
|---|---|---|
| १ | आफ्नै स्वामित्वमा जग्गा (जग्गाधनी पूर्जा) भएका स्वास्थ्य संस्था | ७ |
| ३ | आफ्नै भवन भएका स्वास्थ्य संस्था | ७ |
| ४ | खानेपानीको नियमित उपलब्धता भएका स्वास्थ्य संस्था | ७ |
| ५ | टेलिफोनको उपलब्धता (Landline, Mobile)भएका स्वास्थ्य संस्था | ७ |
| ६ | बिद्युतको उपलब्धता भएका स्वास्थ्य संस्था | १ |
| ७ | सोलार ब्याकप भएका स्वास्थ्य संस्था | ६ |
| ८ | इन्टरनेट सुबिधा भएका स्वास्थ्य संस्था | ४ |
| ९ | एम्वुलेन्स सेवाको उपलब्धता पालिकाभरी | १ |

**पुर्वप्रसुतिसेवा (गर्भजाच)सेवा पाएका सेवाग्राहीहरुको विवरणः-**

| गर्भवति सेवा | <२० बर्ष | >२० बर्ष | जम्मा |
|---|---|---|---|
| पहिलोपटक गर्भवति जाँच गरेका | २७ | २३९ | २६६ |
| चौथोमहिनामा गर्भवति जाचँ | १९ | १६३ | १८२ |
| प्रोटोकलचारपटक गर्भवति जाँच | १५ | १९० | २०५ |
| ८ पटक | १३ | १७४ | १८७ |

**सुरक्षित संस्थागत सुत्केरी सेवा लिएका महिलाहरुको विवरणः-**

| प्रसुति सेवा | स्वा.स. | घर |
|---|---|---|
| दक्षप्रतिकर्मीबाट | १६३ | ० |
| अन्यस्वास्थ्यकर्मिबाट | ८२ | ० |
| रिफर गरिएका | | ० |
| जम्मा | २७२ | |

## आधारभुत स्वास्थ्य सेवा पाएका सेवाग्राहीहरुको विवरणः-

| उमेर समुह | नयाँ सेवाग्राहीको संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| ०-९ वर्ष | ९४८ | ११२७ | २०७५ |
| १०-१९ वर्ष | १५१३ | ११०८ | २६२१ |
| २०-५९ वर्ष | ४७८३ | १२४२ | ६०२५ |
| ६०-६९ वर्ष | ६४३ | ४५५ | १०९८ |
| ७० भन्दा माथि | ६०४ | ४४४ | १०४८ |
| जम्मा | ६४९१ | ४३७६ | १०८६७ |

## खोपसेवा पाएका वालवालिकाहरुको विवरण

| | BCG | DPT | | | OPV | | | PCV | | | ROTA | | FIPV | | MEASLES | | JE | TD | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | १ | २ | १ | २ | | १ | २ | ३ |
| खोपपाएका बच्चा | २५६ | २७७ | २७८ | २७७ | २७७ | २७८ | २७७ | २७६ | २७६ | २५७ | २७७ | २७७ | २७६ | २५६ | २६० | २८७ | २७६ | ८६ | ८५ | ८७ |

## परिवार नियोजनसेवा लिएका सेवाग्राहीहरुको विवरणः-

पिल्सः- १०५ जना

डि.पोः- २४०जना

आ.यु.सि.डिः- ४८ जना

ईम्पलाण्टः- १५०

- बर्षभरी संचालन भएका खोप किल्निकहरु बाट २९०७ पटक वालवालिकाहरुले खोप लिएका छन तथा २९०७ पटक सरसफाई सेसनहरु संचालन भएका छन।
- बर्षभरी संचालन भएका गाउँघर किल्निकहरु बाट ५५१० जनाले प्राथमिक स्वास्थ्य सेवा लिएका छन ।
- ४६ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुले २२६२७ पटक समुदाय स्तरका नागरिकहरुलाई बिभिन्न किसिमका स्वास्थ्य सेवाहरु प्रदान गरेका छन ।

- छ महिना देखि ५९ महिना सम्मका सिघ्र कुपोषण भएका ७ जना वालवालिकाहरुले पोषण सेवा लिई रहेका छन ।

**शिवनाथ गाउँपालिकामा स्वास्थ्य सम्वन्धि समुदाय तथा पालिका स्तरमा संचालन भएका क्रियाकलापहरु**

- क्षयरोगको स्थलगत अनुसिक्षण सुपरीबेक्षण तथा अनुगमन वार्षिक तथा अर्धवार्षिक समिक्षा गरिएको छ ।
- नियमित औषधि आपुर्ती तथा ढुवानी भएको छ ।
- भिटामिन ए तथा जुका औषधि ५ वर्ष मुनिका बालबालिकालाई वितरण भएको छ ।
- बिद्यालय हरुमा किशोरी हरुलाई आईरन फोलिक एसिड तथा जुकाको औषतधि बितरण भएको छ ।
- महिला स्वास्थ्य स्वयं सेबिका सम्मान कार्यक्रम सम्पन्न भएको छ ।
- सबै स्वास्थ्य सस्थाहरुमा न्युनतम सेवा मापदण्डको फलोअप तथा अनुगमन कार्यक्रम सम्पन्न भएको छ ।
- एच.पी.भी.खोप अभियान संचालन रहेको छ ।
- पुर्ण खोप वडा तथा पालिका घोषणा भएको छ ।
- बिद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रमको क्षमता अभिबृदी कार्यक्रम सम्पन्न भएको छ ।
- बिद्यालयमा किशोर किशोरी यौन तथा प्रजनन सम्वन्धि कक्षा संचालन गरी कार्य सम्पन्न गरिएको छ ।
- पालिका भरी ६ पटक ग्रामिण अल्ट्रा साउण्ड शिबिर संचालन भएको छ ।
- पालिका भित्रका क्षयरोगको जोखिम भएका समुदायहरमा ३ पटक क्षयरोग पहिचान शिबिर सञ्चालन कार्य सम्पन्न गरिएको छ ।
- पाठेघरको मुखको क्यान्सर पहिचानका लागि पालिका भरी २ पटक शिबिर संचालन र जेरीयाटिक तथा लैङ्गीक हिंसा समवन्धि पालिका भरी ५ ओटा आमा समुहमा तालिम संचालनको कार्य सम्पन्न गरिएको छ ।
- महिला स्वास्थ्य स्वयं सेविका समुदाय तथा पालिका स्तरमा स्वास्थ्य सम्वन्धि बिभिन्न दिवस कार्यक्रम संचालन गरी सम्पन्न गरिएका छन ।
- २ वटा स्वास्थ्य सस्थाहरुमा २४ घण्टे स्वास्थ्य सेवा संचालनमा रहेको छ ।
- ७ वटै स्वास्थ्य सस्थाहरुमा खोप सेवालाई ब्यवस्थापन गर्न रेफ्रीजेरेटरको ब्यवस्था गरिएको छ ।

- पालिका स्तरमा आई.एल.आर फ्रिज, डोमेस्टिक फ्रिज तथा अक्सीटोसिन भण्डारण गर्ने व्यवस्था भएको छ ।
- ५ वटा स्वास्थ्य सस्थाहरुबाट सुरक्षित गर्भपतन सेवा सुचारु भएको छ ।
- सुत्केरी सेवा प्रदान गर्न पालिकाभित्रका सबै वडाहरुमा तालिम प्राप्त प्रदायकको ब्यवस्थापन गरिएको छ ।
- पालिका भित्रका २ वटा संस्थाहरुबाट ५ वटै परिवार नियोजनको सेवा सुचारु गर्न स्वास्थ्यकर्मीहरुलाई तालिमको ब्यस्था गरिएको छ ।
- ग्रामिण अल्ट्रा साउण्ड सेवा लाई ब्यवस्थित गर्न थप १ जना नर्सिङ्ग कर्मचारीलाई तालिमको ब्यवस्था गरिएको छ ।
- पालिका भित्रका जटिल्तायुक्त २८ जना गर्भवति तथा सुत्केरीहरुलाई एम्बुलेन्स बाट निशुल्क रुपमा प्रेषण गरिएको छ ।

**जम्मा खर्च विवरण**

| क्र स | क्रियाकलापको नाम | श्रोत | बिनियोजन | खर्च | खर्च प्रतिसत | कै |
|---|---|---|---|---|---|---|
| १ | पालिका तथा वडा बाट | प्रदेश नेपाल सरकार समानिकरण तथा आन्तरिक श्रोत सहित | | | | |
| २ | संघिय सरकार बाट शर्शत अनुदान | नेपाल सरकार शर्शत अनुदान | | | | |

## कृषि तर्फ

**आ.ब. २०८१।०८२ कृषिको जम्मा बजेट**

| क्र स | स्रोत | विनियोजित बजेट | खर्च | खर्च प्रतिसत |
|---|---|---|---|---|
| १ | शिवनाथ गाउँपालिका कृषि तर्फ | २१,००,०००/- | | |
| २ | नेपाल सरकार शसर्त अनुदान | ११,२९,०००/- | | |
| ३ | सुदुरपश्चिम प्रदेश शसर्त अनुदान | १६,६०,०००/- | | |
| कुल जम्मा | | ४८,८९,०००/- | | |

**शिवनाथ गाउँपालिका कृषि तर्फको बजेट बाट सम्पादित कार्यक्रमहरु ।**

- ८०% अनुदानमा हिंउदे तरकारीको उन्नत बीउ वितरण कार्यक्रम सम्पन्न भएको छ ।
- बाली संरक्षणका आकस्मिक सेवाहरुलाई निरन्तरता दिईएको छ ।
- ८०% अनुदानमा आलुको उन्नत बीउ वितरण गरिएको छ ।
- ९०% अनुदानमा व्यवसायिक किसानहरुलाई प्लाष्टिक छानो वितरण गरिएको छ।
- ८०% अनुदानमा अदुवा र वेसारको बीउ वितरण गरिएको छ ।
- ८०% अनुदानमा हिउँदे फलफूलको विरुवा वितरण गरिएको छ।
- ८०% अनुदानमा बर्खे फलफूलको विरुवा वितरण गरिएको छ।
- ८०% अनुदानमा वर्खे तरकारीको उन्नत बीउ वितरण गरिएको छ ।
- कृषक पाठशाला संचालन कार्यक्रम सम्पन्न गरिएको छ।

**नेपाल सरकार शसर्त अनुदान तर्फको बजेट बाट सम्पादित कार्यक्रमहरु ।**

- किसान सूचिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- कृषि पशुपन्छी तथा मतस्य तथ्यांक अध्यावधीक गरिएको छ।

**सुदुरपश्चिम प्रदेश शसर्त अनुदान तर्फको बजेट बाट सम्पादित कार्यक्रमहरु ।**

- एक पालिका एक नमुना नगदेवालि प्रर्वधनको लागि कृषि र सिंचाई सहकार्य कार्यक्रमहरु सम्पन्न गरिएका छन ।
- उत्पादनमा आधारित अनुदान कोदो कार्यक्रमलाई संचालन गरी सेवाग्राहीलाई उत्प्रेरित गरी अनुदानको कार्य सम्पन्न गरिएको छ ।

## पशु तर्फ

**आ.ब. २०८१।०८२ पशुको जम्मा बजेट**

| क स | स्रोत | विनियोजित बजेट |
|---|---|---|
| १ | शिवनाथ गाउँपालिकाबाट | कुल बजेट रु १५,००,०००/-, खर्च रु १५,००,०००/- खर्च प्रतिशत १०० % |
| २ | नेपाल सरकार शसर्त अनुदान | कुल बजेट रु १,१२,०००/-, खर्च रु १,१२,०००/-, खर्च प्रतिशत १०० % |
| ३ | सुदुरपश्चिम प्रदेश शसर्त अनुदान | कुल बजेट रु ९०,०००/-, खर्च ०, खर्च प्रतिशत ० |
| कुल जम्मा | | रु १७,०२,०००/- |

१. आन्तरिक तथा बाह्रय परजीबी लगायत अन्य औषधीहरु ६५० घरधुरीमा १०,००० बाख्रा, १५० भैसी, २०० गोरुमा उपचार सेवा गरिएको छ ।

२. पशुपन्छीहरुमा लाग्ने महामारी रोग परजीबी नियन्त्रणका लागि २०० घरधुरीमा ४००० बाख्राहरु,१५० भैसी, १०० गोरु र ८०० कुखुराको उपचार गरिएको छ ।

३. महामारी आकस्मीक रोग नियन्त्रण गर्न १०० घरधुरीमा ५०० बाख्रा, ५० गोरुको उपचार सेवा दिईएको छ ।

४. शिवनाथ गाउँपालिका अन्तर्गत बोकाहरुको बन्ध्याकरण सेवा प्रबाह भइरहेको छ ।

५. कृषि पशुपन्छी जडीबुडी बीमा सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सबै वडाका कृषक तथा फर्महरुलाई गा.पा. स्तरीय तालिम संचालन गरी उक्त कार्य सम्पन्न गरिएको छ ।

६. वडा नं. १,४,५ मा बाख्रापालन खोर सुधारको कार्य ५० प्रतिशत अनुदानमा ५ फर्मलाई सम्झौता गरी उक्त काम सम्पन्न गरएको छ ।

७. वडा नं.१,३ र ४ मा कुखुरापालन खोर सुधार ५० प्रतिशत अनुदानमा ७ फर्मलाई सम्झौता गरी उक्त कार्य सम्पन्न गरिएको छ ।

## पर्यटन क्षेत्र तर्फ

१. पुरातात्विक सम्पदा संरक्षण अन्तर्गत शिवनाथ गाउँपालका वडा नं .२शर्माली , खलंगामा रहेको प्राचिन अमरगढी किल्ला जिर्णोउद्धार गरी सञ्चालनमा ल्याउनका निमित्त आफनै स्रोत साधनबाट घेबार निर्माण ,गेट निर्माण लगायत संरचना निर्माण गरी थप आवश्यक संरक्षणका लागि विभिन्न निकायहरुसँग पहल भईरहेको छ ।

२. धार्मिक पर्यटन तर्फ गाउँपालिकाभित्र रहेका मुख्य-मुख्य मन्दिरहरु शिवनाथ मन्दिर ,उदयदेव मन्दिर, खोलाकेदार मन्दिर लगायतका मन्दिरहरुमा मन्दिर निर्माण ,पुनर्निर्माण ,घेरबार जस्ता संरचनाहरु निर्माण गरी शिवनाथ मन्दिर र अन्य मन्दिर हरुमा र सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गरिएको छ ।

## झोलुङ्गे पुल क्षेत्र तर्फ

१. शिवनाथ गाउँपालिका वडा नं .१ मटेला खोला र वडा नं .६ गनागाड झोलूङ्गे पूल निर्माण सम्पन्न गरिएको छ ।

## दलित तथा महिला तर्फ

१. दलित तथा महिलाहरुको माग सम्वोधन एंव समस्या समाधान गर्न पालिका स्तरीय दलित संजाल र महिला संजाल गठन गरी माग सम्वोधन गरीएकोछसाथै दलित र महिलाको आय , आर्जनमा बृद्धि गर्न विभिन्नकार्यक्रमहरु संचालनमा रहेका छन ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ

१. महिलाहरुको क्षमता विकासका लागि मित २०८१/०८/१० गते देखि २५ गते सम्म १६ दिने महिला हिंसा विरुद्धको अभियान वडा स्तरदेखि पालिका स्तरसम्म विभिन्न कार्यक्रमहरु आयोजना गरी सम्पन्न गरिएको छ ।

२. आर्थिक वर्ष २०८१/०८२ मा जिल्ला अस्पताल, बैतडी तथा अन्य सरकारी अस्पतालहरुबाट यस गाउँपालिकालका अपाङ्गता पहिचान गरीएका जम्मा संख्या १३ जना मध्ये ख वर्गका ७, ग वर्गका १ र घ वर्गका ६ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको छ।

## बहुक्षेत्रीय पोषण तर्फ

**कुल बजेट रु १६, ३५, ०००/- खर्च रु १६, ३५, ०००/- खर्च प्रतिशत १००%**

**संधिय सर्शत रकम रु ११, ३५, ०००/-**

**गाँउपालिकाको बजेट रु ५,००,०००/-**

**प्रगति**

- कुपोषित बालबालिकालाई पोषिलो सामाग्री वितरण गरिएको छ।
- पोषण विशेषका कार्यक्रम संचालन गरी सम्पन्न गरिएका छन।
- बालपोषण भत्ता प्रभावकारी बनाउन सुनौला हजार दिनका आमाहरुलाई तालिम दिने कार्य सम्पन्न गरिएको छ ।
- महिला सहकारी वा समुहमा आय-आर्जन तथा पोषण सम्बन्धी तालिम दिईएको छ ।
- करेशाबारी व्यवस्थापन पशुजन्य उत्पादनमा जोड तथा पोषण सम्बन्धी तालिम,पुर्ण सरसफाई, दिईएको छ।
- सुनौला हजार दिनका आमाहरुलाई पुर्ण सरसफाईपोषण तथा महिनावारी स्वच्छता सम्वन्धी , तालिम सञ्चालन गरी सम्पन्न गरिएको छ ।
- किशोरीहरुलाई पुर्ण सरसफाईपोषण तथा महिनावारी स्वच्छता सम्वन्धी तालिम सञ्चालन, गरी सम्पन्न गरिएको छ ।

## सुशासन तथा संस्थागत विकास कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना , सार्वजानिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी

१. गाउँपालिकाले १३ वटा ऐन ,५ वटा नियमावली, ३५ कार्यविधि तथा मापदण्ड र ६ निर्देशिका, विधेयक ५ र शिवनाथ गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीति, (२०८१-२०८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।
२. गाउँपालिकापालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना , जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याईएकोछ ।
३. यस गाउँपालिकाले गत आ.व .को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** मा ७७.७५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम पूल्याङ्कन **(FRA)** मा ८५.५ अंक रहेको छ।
४. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ ।
५. आर्थिक कारोबारलाई पारदर्शि र मितव्यई बनाउन पूर्ण रुपमा विद्युतिय भुक्तानी **(EFT)** प्रणाली लागु गरिईएको छ ।
६. गाउँपालिका पारदर्शी र प्रविधिमैत्रि बनाउन ,छरितो ,वडा कार्यालयहरुमा छिटो ,**IPS (Internet Service Provider)** जडान गरी इन्टरनेट सेवा सञ्चालनमा ल्याईएकोछ ।
७. राजश्वा व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउन **Online** भुक्तानी पोर्टल सेवा सञ्चालनमा ल्याईएको छ ।
८. गाउँपालिकालाई प्रविधिमैत्री बनाउन mobile apps, ई-हाजिरी र योजना व्यवस्थापन प्रणाली जडान गर्ने कार्य सम्पन्न गरिएको छ ।

## <u>उद्यम विकास तर्फ</u>

**गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम) मेड्पा**

**संघिय शसर्त विनियोजित रकम रु १३,००,०००/-**

**खर्च रकम रु ७५,६, ६७४ /-**

**खर्च प्रतिशत ५२**

<u>सम्पादित कार्यहरु</u>

१. एड्भान्स सीप विकास तालिम अन्तर्गत वडा न१. र ३मा ७ दिने दालमोठ, नमकिन, अचार बनाउने तालिम सम्पन्न गरिएको छ ।जसमा वडा न. १ र ३ गरी ३६ जना उद्यमि लाभाम्वित भएका छन ।

**गाँउपालिकाको विनियोजित रकम रु १०,००,०००/-**

**खर्च रु ९,०७,६४७/-**

**खर्च प्रतिशत ९१**

१. सामाजिक परिचालन कार्यक्रम अन्तर्गत वडा न. ४ र ६ मा घरधुरी सर्वेक्षण लघु उद्यमी समुह गठन गरिएको छ।

२. वडा न ४ र ६मा .उद्यमशिलता बिकास तालिम सञ्चालन गरी दुबै वडाका जम्मा ५३ जना महिला पुरुष सहभागी भएका थिए।

**नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय अन्तर्गत लघु घरेलु तथा साना उद्योग पबर्द्धन माहाशाखाबाट प्राप्त रकम रु ४०, ००, ०००/-**

**खर्च रकम रु ३९३७३५५/-**

**खर्च प्रतिशत ९८%**

**सम्पादित कार्यहरुः**

- ६ वटै वडाका ३७ जना महिला पुरुष लाई ५२ कार्य दिने व्यवसायिक मौरी पालन सम्बन्धि सीप विकास तालिम प्रदान गरिएको छ।
- १९६ वटा मौरी गोला सहितका घार वितरण गरिएको छ।
- ११५ वटा खालि घार वितरण गरिएको छ।
- ४०वटा टोपि ४०/,पन्जाधुवादानी वितरण गरिएको छ।,मौरी झोला,
- १९६ वटा फिडर वितरण गरिएको छ।
- १९६ स्टेण्ड लगायत अन्य आवश्यक सामाग्रिहरु वितरण गरिएको छ।

## पञ्जिकरण तथा समाजिक सुरक्षा शाखा तर्फ

***आ.व २०८१।०८२ सामाजिक सुरक्षा र बालपोषण भत्तामा खर्च विवरण***

| क स | त्रैमासिक किस्ता | लाभग्राही संख्या | रकम |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | ३७६८ | १,९३,०२,९४३ |
| २ | दोस्रो त्रैमासिक | ३७९२ | १,९५,५४,४२३ |
| ३ | तेस्रो त्रैमासिक | ३७९८ | १,९६,७३,५२८ |
| ४ | चौथो त्रैमासिक | ३७८७ | १,९९,५५,६२७ |

| | |
|---|---|
| **जम्मा** | ७,८४,८६,५२१ |

***आ.व २०८१।०८२ मा गरिएका सबै प्रकारका घटना दर्ता विवरण***

| क स | जन्म दर्ता | मृत्यु | सम्बन्ध बिच्छेद | विवाह दर्ता | बसाई सरी आएको | | बसाई सरी गएका | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५५८ | १२४ | १ | २४३ | ४ दर्ता | ११ सदस्य संख्या | ५५ दर्ता | १६७ सदस्य संख्या |

***<u>प्रगति विवरण</u>*** -:

- नियमित रुपमा सेवा इकाई बाट बैङ्क खाता खोल्नेसंरक्षक जस्ता अन्य ,परिवारिक विवरण, सबै प्रकारका सिफारिसहरु गारिएको
- नयाँ लाभ ग्राहिको खाता नम्बर व्याक्तिगत विवरणमा अपडेट गरेको ।
- घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि वडा गाउ टोलमा गएर सप्ताह जस्ता सन्देश मुलक सुचना दिइएको
- अन्य सबै किसमका घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि आवश्यक परिआएका व्याक्तिको काम काज पालिकाबाट गरिएको।
- सामाजिक सुरक्षा र बालपोषण भत्ता पाउने व्याक्तिको विवरण सुदृढिकरण गरिएको

## रोजगार सेवा केन्द्र तर्फ

नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक, धारा ३४ मा श्रम सम्बन्धी हक र राज्यका निर्देशक सिद्धान्त तथा नीति अतर्गत धारा ५१(झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिको व्यवस्था गरिएको छ। जस अन्तर्गत सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अङ्गिकार गरिने प्रावधान छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (थ) ५ मा रोजगार सूचना केन्द्रको व्यवस्था गरिएको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार मिति २०७५/०८/२४ गतेको नेपाल राजपत्रमा प्रत्यक स्थानीय तह मातहत रही कार्य गर्ने रोजगार सेवा केन्दको स्थापना भई न्यूनतम रोजगारी लगायत रोजगार सेवा सम्बन्धी अन्य विभिन्न गतिविधि तथा क्रियाकलापहरू सञ्चालन हुँदै आएका छन।

यसै अनुरुप यस शिवनाथ गाउँपालिकामा सञ्चालनमा रहेको रोजगार सेवाकेन्द्रको लागि चालू आर्थिक वर्ष २०८1/०८मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रलाइ रोजगारी सृजनाको 2 .लागि नेपाल सरकारको श्रोतबाट रु२७,80, 000(सत्ताईस लाख असी हजारर ( आईको श्रोत .ए.डि. 27 बाट,20, 000(सत्ताईस लाख बीस हजाररकम प्राप्त हुनुका साथै स्थानीय तहको लागत साझेदारी ( .रु२,00, 000(दुई लाखवटा विकास निर्माणका १२ रहेको थियो। उक्त विनियोजित बजेट बाट ( योजनाहरुमा, रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत भएका जन 1090ा बेरोजगार व्यक्तिहरुमध्ये ४२ जना बेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गर्नुको साथ ४० जना व्यक्तिहरूलाई ५० दिनको रोजागरी विभिन्न विकास निर्माणका योजनाहरुमा र ५० दिनको हाउस वाइरिङ्ग सम्बन्धी सीपमूलक तालिम प्रदान गरी बैङ्क खातामा EFT मार्फत पारिश्रमिक भुक्तानी गरियो।

**प्रधानमन्त्री रोजगार कार्यक्रम बाट आर्थिक वर्ष २०८१/०८२ मा सम्मपन्न भएका योजनाहरुको विवरण**

| सि.न. | आयोजनाका नाम | वडा नं. | आयोजना स्थल | स्थानीय सरकारबाट विनियोजित बजे | सङ्घीय सरकारबाट विनियोजित बजेट | १००/५० दिनको रोजगारि पाउने व्यक्तिको संख्या | वितरण भएको ज्याला रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दुवला देखि छतेखर्क सम्म बाटो निर्माण | शिवनाथ-१ | दुवला | | ४००८०० | ६ | ४००८०० | नेपाल सरकार |
| २ | तल्ली कुँड गोरा खलो मर्मत | शिवनाथ-१ | तल्ली कुँड | | २३३८०० | ७ | २३३८०० | युवारुप |
| १ | कसाड देखि पिरोली सम्म बाटो निर्माण | शिवनाथ-२ | कसाड | | ४६७६०० | ७ | ४६७६०० | नेपाल सरकार |
| २ | जोलापानी देखि सान्नमाई सम्म बाटो मर्मत | शिवनाथ-२ | जोलापानी | | २३३८०० | ७ | २३३८०० | युवारुप |
| १ | सिमलगडा देखि सिउते गुनेमहर बस्कट्टे बाटो निर्माण | शिवनाथ-३ | सिमलगडा | | ४६७६०० | ७ | ४६७६०० | नेपाल सरकार |
| २ | श्रीपुर मा.वि र श्रीपुर आधारभूत स्वास्थ्य केन्द्र प्रखाल निर्माण | शिवनाथ-३ | वछुला | | २३३८०० | ७ | २३३८०० | युवारुप |
| १ | तल्ली लिखाडी मकैल बाटो निर्माण | शिवनाथ-४ | तल्ली लिखाडी | | ४६७६०० | ७ | ४६७६०० | नेपाल सरकार |
| २ | मट्याल देखि तोलिखान सम्म बाटो मर्मत | शिवनाथ-४ | मट्यटल | | २००४०० | ६ | २००४०० | युवारुप |
| १ | शिवनाथ मन्दिर पिसिसि पदमार्ग निर्माण | शिवनाथ-५ | लामाखाली | १५०००० | ४४१५४८ | ६.६१ | ४४१५४८ | नेपाल सरकार |
| २ | रोल बसर बाटो मर्मत | शिवनाथ-५ | रोल | | २००४०० | ६ | २००४०० | युवारुप |
| १ | चुच्चाई देखि शिवनाथ मन्दिर सम्म सोलिङ्ग बाटो निर्माण | शिवनाथ-६ | चुच्चाई | | ५३४४०० | ८ | ५३४४०० | नेपाल सरकार |
| २ | उदयदेव मन्दिर फिल्ड स्तरोन्नती | शिवनाथ-६ | कानली | २५००० | २३३८०० | ७ | १००४३८ | युवारुप |
| १ | कार्यस्थलमा आधारित सीप/ क्षमता तालिम र जीवन उपयोगी सीप तालिममा सहभागि भएका श्रमिकहरुको पारिश्रमीक | | | | १३३६००० | | १३३६००० | युवारुप |
| कूल जम्मा | | | | १७५००० | ५४५१५४८ | ८२ | ५३१८१८६ | |

➔ यस शिवनाथ गाउँपालिकाको रोजगार सेवा केन्द्रले आन्तरिक रोजगारी प्रवद्धन सम्बन्धी अभियान सञ्चालन गरी स्थानीय तहका जनप्रतिनिधिहरु, कर्मचारीहरु, रोजगारीमा संलग्न व्यक्तिहरु, युवा तथा बेरोजगार व्यक्तिहरु, निजी क्षेत्ररोजगारदाहरु/, तालिम प्रदायक संस्थाहरु, सञ्चारकर्मी र सरोकारवालाहरुसँगको संलग्नतामा आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी कार्यक्रम सम्मपन्न गरियो।

➔ वैदेशिक रोजगारीको क्रममा मेलेसीया, कतार, संयुक्त अरब इमिरेट्स (दुबई), कुवेत, साउदी अरब लगायत विभिन्न गन्तव्य मुलुकहरुमा जाने व्यक्तिहरुलाई नयाँ श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिश्रम /

स्वीकृति नवीकरण गरी, श्रम स्वीकृति प्रदान गर्ने कार्य भई रहेको छ चालू आर्थिक वर्षमा रोजगार सेवा केन्द्रबाट २७ जनाको पुनःश्रम स्वीकृतिश्रम स्वीकृति नवीकरण गरिएको छ। /

- ६ वटै वडाहरुमा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रमबाट बिभिन्न जानकारी मुलक सन्देश हरु प्रवाह गरिएका छन। जस्तै कुनै पनि काम सानो ठूलो हुँदैन र कामको आधारमा विभेद गर्नु पर्दैन, विदेशमा गएर श्रम, पसिना बगाउनु भन्दा आफ्नो देशमानै श्रम गरे देशको उन्नति हुन्छ, र काम गर्ने बेला समयको पालना र सुरक्षाका उपाय अनिवार्यरुपमा अपनाउनु पर्ने बारे जानकारी गरियो।
- रोजगार संवाद मञ्चमार्फत रोजागारी सम्बन्धी बिभिन्न विषयमा छलफल गरी, स्थानीय क्षेत्रमा रहेका रोजगारीका सम्भावनाहरुको पहिचान गर्ने कार्य गरियो।
- रोजगारी सृजना, व्यवस्थित र मर्यादित रोजगारी तथा श्रमको सम्मानका लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरी, श्रमिकहरुलाई कार्यस्थल सुरक्षा सामग्री वितरण गरी काम सँगै व्यक्तिगत सुरक्षालाईको बारेमा जानकारी दिनुको साथै रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो।
- रोजगारीको खोजिमा रहेका व्यक्ती तथा रोजगारी सम्बद्ध तथ्याङ्क आवश्यकताको आधारमा अद्यावधिक गर्ने र उपलब्ध विवरणको विश्लेषण गर्ने गरेको।
- ४० जना सूचीकृत व्यक्तिहरुलाई ५० दिने सीप मूलक तालिम प्रदान गरियो। (इलेक्ट्रिसियन)
- तालिम र सीप विकासका स्थानीय आवश्यकता र सम्भावना बारे तथ्याङ्क संकलन र उपलब्ध गराउने गरेको।

**एम्वुलेन्सको भाडा विवरणः-**

१. शिवनाथ गाउँपालकाले सञ्चालन गरेको एम्बुलेन्स सेवा अन्तर्गत यस आ.व.मा विभिन्न मितिमा सेवालिने सेवाग्राहीबाट नगद रु २, ४५, ०००/- , निःशुल्क रु १, ८४, ०००/- गरी जम्मा रु ४,२९,०००/- रकम बराबरको सेवा प्रदान गरेको छ ।

२. सेवा लिने सेवाग्राहि संख्या ९४ जना रहेका छन ।

**टेक्टरको भाडा विवरणः**

१. शिवनाथ गाउँपालिकाले टेक्टर सेवा सञ्चालन गरे वाफत यस आ.व.मा नगद रु ३, ८७, २००/- र भूक्तानी लिन बाँकी २, ९२, ८००/- गरी जम्मा रु ६, ८०,०००/- राजश्व संकलन भएको छ ।

आँखा उपचार केन्द्र

आ व २०८१।०८२ सालको आखाँ उपचार केन्द्रको प्रगती विवरण

| क स | स्रोत | विनियोजित बजेट रु | खर्च रकम रु | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | शिवनाथ गाउँपालिका आखाँ उपचार केन्द्र सँचालन तथा व्यवस्थापन खर्च तर्फ | ८,००,०००/- | ७,६७,६९६/- | ९५.९६ |

**सम्पादित क्रियाकलापहरुः-**

- वडा स्तरिय सिबिर सन्चालन अन्तर्गत ७२२ जना आँखाका बिरामिले सेवा लिएको ।
- आखाँ चेकजाच मेसिन खिरिद ।
- सल्यकृया सिबिर संचालन, अन्तर्गत ४०७ जनाले चेकजाच सेवा लिई ११३ जनाले आँखाको सल्यकृया गरि चस्मा वितरण गरियो ।
- औसधि खरीद ।
- चस्मा फ्रेम र पावर लेन्स खरिद।
- शिवनाथ गाउँपालिका आखाँ उपचार केन्द्र बाट ८०२ जना बिरामिले आखाँ चेकजाच सेवा लिएको ।
- राजश्व संकलन रु १, ५६, ४७१ /-

## विविध तर्फ

१. कमजोर आर्थिक अवस्था भएका दिर्घ रोगी र विपदको जोखिममा रहेका परिवरलाई कार्यविधि अनुसार निबेदनका आधारमा राहत तथा आर्थिक सहयोग स्वरुप उपलव्ध गराइएको छ ।

२. प्राविधिक शिक्षा हासिल गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई प्राविधिक छात्रवृत्ति वाफत रु ४ लाखा उपलव्ध गराईएकोछ ।

३. आर्थिक वर्ष २०८१ मा ०८२/न्यायीक समितिमा दर्ता भएका ५ वटा मुद्दा ३ मेलमिलाप भईसकेका र २ मुद्दा मेलमिलाप हुन बाकी रहेका छन ।

१. न्यायीक समितिले वडा न १ देखि वडा ६ सम्म १८ जना मेलमिलाप कर्ता गठन गरी कानून सम्बन्धी ७ दिने पूर्नताजकिय अभिमुखिकरण कार्य सम्पन्न गरिईएको छ ।

२. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAMS-V²** को पूर्ण रुपमा कार्यान्वयन गरिएकोछ ।

३. आगामि ४ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिकाभित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएईकोछ ।

४. गाउँपालिकाबाट विपन्न घरपरिवार संख्या १५९ लाई राहात उपलब्ध र विपदजन्य घरपरिवार संख्या १८७ लाई क्षतिपूर्ति स्वरुप राहात वितरण गराएकोछ ।

५. विपद पूर्व तयारीको लागि आवश्यक सामाग्रीको खरिद गरी तयारी अवस्थामा राखिईएकोछ ।

६. आपतकालिन केन्द्र संचालनमा आवश्क पहल गरिईएकोछ ।

७. गाउँपालिकाले मध्यकालिन खर्च संरचना तयार गरेको छ ।

८. संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छ ।

९. कर्मचारी तथा जनप्रतिनिधिहरुको दुर्घटना विमा गरेको छ ।

**शिवनाथ गाउँपालिका अर्न्तगत जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको आ.ब. २०८१।०८२ को बार्षिक प्रतिवेदन तपशिल अनुसार रहेको व्यहोरा जानकारी गराइन्छ ।**

**तपशिल**

| आर्थिक बर्ष ०८१।८२ | शिर्षक | फिनल्याण्डइयु | स्थानीय सरकार | समुदाय | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| आम्दानी | पुँजीगत | १३५६०००० | ४७००००० | १६५५००० | १९९१५००० | |
| | चालु | ८९०००० | १३०००००० | १३३५०० | २३२३५०० | |
| | जम्मा | १४४५०००० | ६०००००० | १७८८५०० | २२२३८५०० | |
| खर्च | पुँजीगत | ३८९३०४३ | २३७३७५३ | ० | ६२६६७९६ | ६८.४६ |
| | चालु | ३१४१६९ | ० | ० | ३१४१६९ | ७०.६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | ४२०७२१२ | २३७३७५३ | ० | ६५८०९६५ | ३०.० |
| | | | | निकाशाको आधारमा खर्च | | ६९.० |

**<u>पुँजीगत तर्फ</u>**

१. नागार्जुन खानेपानी तथा सरसफाइ योजना शिवनाथ ०३ बछला

- बाह्यय निर्माण सामाग्री र स्थानीय खरिद कार्य सम्पन्न
- २ वटा मुहान इन्टेक र १ वटा कलेक्सन चेम्बर निर्माण
- ३००० मिटर मुख्य पाइप लाइन खन्ने र पुर्ने कार्य सम्पन्न बाँकी मुख्य पाइप लाइन पुर्ने कार्य निरन्तर जारी रहेको ।
- पहिलो किस्ता वापतको पेश्की रकम भुक्तानी गरी फर्छ्यौटको क्रममा रहेको

२. घट्टिगाड मटेली सिंचाइ योजना शिवनाथ ०१ मटेली

- बाह्यय निर्माण सामाग्री र स्थानीय खरिद कार्य सम्पन्न
- १२० मिटर कुलो पि.सि.सि. कार्य सम्पन्न
- १५० मिटर सिंचाइ पाइप लाइन खन्ने कार्य सम्पन्न
- बाकी कुलो पि सि सि कार्य निरन्तर रहेको साथै असार मसान्त सम्म सम्पुर्ण कार्य सम्पन्न गर्ने योजनामा रहेको छ ।
- पहिलो किस्ता वापतको पेश्की रकम भुक्तानी गरी फर्छ्यौटको क्रममा रहेको

३. नागार्जुन विद्यालय बर्षातको पानी संकलन तथा पर्यावरण संरक्षण योजना शिवनाथ ०२ सर्माली बैतडी

- २६ र १० मिटरका २ वटा मेसिनरी पर्खाल निर्माण कार्य सम्पन्न
- इन्टेक फिल्टरको पि.सि.सि. गर्ने कार्य सम्पन्न
- पोखरीको साइड सफा गर्ने कार्य सम्पन्न गरी निर्माण कार्य निरन्तर जारी रहेको
- बोट बिरुवा खरिद गरी रोप्ने कार्य सम्पन्न
- पहिलो किस्ता वापतको पेश्की रकम भुक्तानी गरी फर्छ्यौटको क्रममा रहेको

४. मल्लिम बेमैषमी तरकारी खेती कृषक समुह शिवनाथ ०६ मल्लिमड बैतडी

- ६ वटा पोलिहाउस निर्माण कार्य सम्पन्न गरी ३१ घरधुरीलाई बेमौषमी तरकारी बिउ बिजन बितरण गरी बेर्ना तयारी कार्य सम्पन्न ।
- अनुगमन समिति बाट अन्तिम अनुगमन गरी सम्पुर्ण कार्य सम्पन्न गरी अन्तिम किस्ता रकम भुक्तानी कार्य सम्पन्न ।

<u>चालु तर्फ</u>

१. ३ वटै योजनाहरुमा योजना स्तरमा चरणबद्ध प्रकृयाका १३ वटा तालिममा १४ महिला र २३ पुरुषलाई १ दिने योजना स्तरका तालिम सञ्चालन गरी सम्पन्न गरियो ।

२. ३ वटै योजनाका अध्यक्ष, सचिव, कोषाध्यक्ष र खरिद समिति सदस्यलाइ जिल्ला स्तरिय उपभोक्ता समिति व्यवस्थापन तथा बाह्यय सामागी खरिद सम्बन्धि ३ दिने तालिम सञ्चालन गरी सम्पन्न गरियो ।

३. गाउँपालिका स्तरिय सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई सामुदायिक बन ब्यवस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम सन्चालन गरी सम्पन्न गरियो ।

४. विश्व वातावरण दिवश २०८२ र राष्ट्रिय सरसफाइ सप्ताह २०८२ एक दिवसीय कार्यक्रम सञ्चालन गरी क्रमशः ३११ र १२२ गरी जम्मा ४३१ जना सहभागी गराइ उक्त कार्यक्रम सन्चालन गरी सम्पन्न गरियो ।

५. गाउँपालिका स्तरिय अनुगमन समितिबाट ३ वटै योजनाहरुको पहिलो र दोस्रो अनुगमन गरी सम्पन्न गरिए ।

६. गाउँपालिका स्तरिय परियोजना व्यवस्थापन व्यवस्थापन समितिका ४ वटा बैठक सन्चालन गरी सम्पन्न गरिए ।

**शिवनाथ गाउँपालिका अन्र्तगत रहेको खानेपानी तथा सरसफाई स्वच्छता (वास) इकाईको आ.ब. २०८१।०८२ को बार्षिक प्रतिवेदन तपशिल अनुसार रहेको व्यहोरा जानकारी गराइन्छ ।**

१. खानेपानी तथा सरसफाई स्वच्छता (वास) इकाईको आ.ब. २०८१।०८२ को बार्षिक जम्मा बजेट ५०००००। जम्मा खर्च ४९००००। रहेको छ ।

२. गाउँपालिका अन्तगतका ६ वटै वडाहरुमा वडा स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति (W-WASHCC) का २६२ जना सहभागीलाई वास/पूर्ण सरसफाई सम्बन्धि तालिम सञ्चालन गरी क्षमता अभिबृद्धि गराउने कार्य गरियो ।

३. गाउँपालिका भित्रका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जलस्रोत समितिमा अनिवार्य रुपमा दर्ता गराई दर्ता प्रमाण पत्र वितरण गर्ने कार्य गरियो ।

४. गाउँपालिका भित्रका ६ वटा माध्यमिक विद्यालयहरुमा पूर्ण सरसफाई र तीन तारा अभिबृद्धि सम्बन्धि २ दिने तालिममा ३८ महिला ८७ पुरुष गरी जम्मा १२५ जना सहभागीहरुको क्षमता अभिबृद्धि गराउने कार्य गरियो ।

५. पूर्ण सरसफाई उन्मुख गरिएका ४ वटा खानेपानी तथा सरसफाइ योजना क्षेत्रमा पूर्ण सरसफाइका कृयाकलापको अनुगमन गरी सम्बन्धित उपभोत्ता समितिका पदाधिकारी १०८ जना सहभागीहरुलाई पूर्ण सरसफाई सम्बन्धि पुर्नताजगीय तालिम सञ्चालन गरी सम्पन्न गरियो ।

६. तीन तारा विद्यालय सुनिश्चितता घोषणा गरिएका ६ वटा विद्यालयहरुमा १० वटा सुचकहरुको स्वमुल्याङ्कन गराई विद्यालय व्यवस्थापन समिति र विद्यालय वास समितिका १२८ जना पदाधिकारीहरुलाई तीन तारा अभिबृद्धि सम्बन्धि क्षमता अभिबृद्धि गराउने कार्य गरियो ।

७. गाउँपालिका खानेपानी तथा सरसफाई स्वच्छता व्यवस्थापन निर्देशिका, २०७७ अनुसार गाउँपालिका स्तरिय उपभोक्ता समिति सञ्जाल पुर्न गठन गरी गठित सञ्जालका पदाधिकारीहरुलाई २ दिने दिगो खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन सम्वन्धि तालिम सन्चालन गरी सम्पन्न गरियो ।

**नरेन्द्र सिह महता**
**प्रमुख प्रशासकीय अधिकृत**
**शिवनाथ गाउँपालिका, बैतडी**